इस पुस्तिका में **20** मुद्रित पृष्ठ हैं।
This Booklet contains **20** printed pages.

www.prepp.in

# MVD18—II

परीक्षा पुस्तिका संख्या
Test Booklet No.

Prepp
Your Personal Exams Guide

LANG. CODE
**13**

## प्रश्न-पत्र—II / PAPER—II
## नेपाली भाषा परिशिष्ट / NEPALI LANGUAGE SUPPLEMENT
## भाग IV & V / PART IV & V

परीक्षा पुस्तिका संकेत
**Test Booklet Code**

**M**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ संख्या 20) पर दिए गए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page No. 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका की पृष्ठ संख्या 2 व 19 देखें।**
**For Instructions in Nepali, see Page Nos. 2 and 19 of this Booklet.**

### *परीक्षार्थियों के लिए निर्देश :*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका का एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेजी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग—IV व भाग—V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर-पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉलपॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत M** है। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट परीक्षा पुस्तिका का संकेत, उत्तर-पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं तथा प्रत्येक 1 अंक का है :

   भाग—IV : भाषा—I (नेपाली) (प्रश्न सं० 91–120)
   भाग—V : भाषा—II (नेपाली) (प्रश्न सं० 121–150)
7. भाग—IV में भाषा—I के लिए 30 प्रश्न और भाग—V में भाषा—II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से सम्बन्धित प्रश्न दिए गए हैं। **यदि भाषा—I और/या भाषा—II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है/हैं, तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लें। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन-पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग—V (भाषा—II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा—I (भाग—IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ़ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर-पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

### *Instructions for Candidates :*

1. This Booklet is a Supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part—IV (Language—I) **OR** Part—V (Language—II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part—IV and Part—V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ballpoint Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **M**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **Two** Parts, IV and V, consisting of **60** Objective-type Questions and each carrying 1 mark :

   Part—IV : Language—I (Nepali) (Q. Nos. 91–120)
   Part—V : Language—II (Nepali) (Q. Nos. 121–150)
7. Part—IV contains 30 questions for Language—I and Part—V contains 30 questions for Language—II. In this Test Booklet, only questions pertaining to Nepali Language have been given. **In case, the language(s) you have opted for as Language—I and/or Language—II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part—V (Language—II) in a language other than the one chosen as Language—I (Part—IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capital letters)

अनुक्रमांक (अंकों में) : ____________________
Roll Number (in figures)

(शब्दों में) : ____________________
(in words)

परीक्षा-केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capital letters)

परीक्षार्थी के हस्ताक्षर : ____________________
Candidate's Signature

निरीक्षक के हस्ताक्षर : ____________________
Invigilator's Signature

Facsimile Signature Stamp of Centre Superintendent ____________________

यस पुस्तिकामा 20 पृष्ठ छन्।

www.prepp.in

LANG. CODE
**13**

# MVD18—II

परीक्षा पुस्तिका सङ्केत

M

## प्रश्न-पत्र—II

## नेपाली भाषा परिशिष्ट खण्ड

## भाग IV र V

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरण (पृष्ठ 19 व 20)-मा दिइएको निर्देश ध्यानले पढ्नुहोस्।**

***परीक्षार्थीहरूका लागि निर्देश :***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो ती परीक्षार्थीहरूका लागि जुन परीक्षार्थीहरू **या** त भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषामा दिन चाहन्छन्, तर **दुवैमा होइन**।

2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाहरूबाट।

3. अङ्ग्रेजी र हिन्दी भाषाका प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग—IV र भाग—V को अन्तर्गत दिइएका छन्। भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ।

4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पत्रिकामा निसान लगाउनको लागि **केवल कालो/नीलो बॉलपोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस्।

5. यो भाषा पुस्तिकाको **सङ्केत M** हो। के सुनिश्चित गर्नुपर्छ भने भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तर पत्रिकाको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ।

6. यो परीक्षा पुस्तिकामा **दुई** भाग—IV र V छन्, जसमा 60वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्:

   भाग—IV : भाषा—I (नेपाली) (प्रश्न सं० 91–120)

   भाग—V : भाषा—II (नेपाली) (प्रश्न सं० 121–150)

7. भाग—IV मा भाषा—I का लागि 30 प्रश्न र भाग—V मा भाषा—II का लागि 30 प्रश्न दिइएका छन्। यस परीक्षा पुस्तिकामा केवल नेपाली भाषासँग सम्बन्धित प्रश्न दिइएको छ। **यदि तपाईंको भाषा—I वा भाषा—II नेपालीका अतिरिक्त छ भने कृपया त्यही भाषासँग सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस्। जुन भाषाहरूको प्रश्नहरूको उत्तर तपाईंले दिँदै हुनुहुन्छ त्यो आवेदन-पत्रमा छानिएको भाषाहरूसित अवश्य मेल खानु पर्छ।**

8. **परीक्षार्थीले भाग—V (भाषा—II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा—I (भाग—IV)मा छानिएको भाषाबाट भिन्न होस्।**

9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस्।

10. सबै उत्तर केवल OMR उत्तर पत्रिकामा नै अङ्कित गर्नुहोस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस्। उत्तर बदल्नका लागि श्वेत रञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क (अङ्कमा) : ____________________

(शब्दमा) : ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part–IV (प्रश्न सं० 91–120)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

Candidates should attempt the questions from **Part–IV (Q. Nos. 91–120)**, if they have opted **NEPALI** as **Language–I** only.

# Part—IV / भाग—IV

## Language—I / भाषा—I

## Nepali / नेपाली

परीक्षार्थीहरूले **भाषा—I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part—IV** (प्रश्न सं॰ **91–120**) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

***निर्देश*** : उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरूको (प्रश्न सं॰ **91–105**) उत्तर दिनुहोस्।

**91.** भाषा-शिक्षणमा कमजोर विद्यार्थीहरूका लागि सबैभन्दा उत्तम शिक्षण नीति हो—

(1) व्यक्तिगत शिक्षण

(2) समूह-समूह शिक्षण

(3) समकक्षी शिक्षण (Peer teaching)

(4) माथिका सबै

**92.** भाषा-शिक्षणको वस्तुनिष्ठ मूल्याङ्कनका लागि मूल्याङ्कन हुनु अनिवार्य छ—

(1) वस्तुनिष्ठ अनि आलोचनात्मक

(2) बोधात्मक अनि व्यवहारपरक

(3) विश्वसनीय अनि वैध

(4) माथिका सबै

**93.** निम्नलिखितमध्ये कुनचाहिँ भाषा-शिक्षणको उद्देश्य होइन?

(1) विचारहरूको अभिव्यक्ति

(2) भाषाको ज्ञान

(3) लेखनमा दक्षता

(4) सिर्जनात्मकता

**94.** भाषा कौशलका सन्दर्भमा कुनचाहिँ कथन सत्य होइन?

(1) भाषा कौशलको विकासमा अभ्यासभन्दा भाषा-सिद्धान्त धेर महत्त्वपूर्ण हुन्छ।

(2) नानीहरू केवल सुन्ने, बोल्ने, पढ्ने र लेख्ने क्रममा भाषा सिक्छन्।

(3) स्कुलहरूमा पढ्ने र लेख्ने कौशलमा बल दिनुपर्छ।

(4) भाषाका सबै चारवटा कुरा परस्पर सम्बद्ध छन्।

www.prepp.in

**95.** "नानीले त्यो भाषा छिटो सिक्छ जसको व्याकरण ऊ जान्दैन।" यो कसको भनाइ हो?

(1) महर्षि पतञ्जलि

(2) लर्ड स्विट

(3) लर्ड मकले

(4) ज्याँ पियजे

**96.** कक्षामा पढाउँदै गर्दा विद्यार्थीहरू भाषासम्बन्धी कठिन प्रश्नहरू र आफ्ना संशय तपाईं सामु राख्छन्। यस्तो स्थितिमा तपाईं के गर्नुहुन्छ?

(1) तपाईं तयारीकासाथ जानुहुन्छ अनि उनीहरूका शङ्का निवारण गर्नुहुन्छ तथा तत्काल उनीहरूका प्रश्नहरूको उत्तर दिनुहुन्छ।

(2) तपाईं उनीहरूका सबै प्रश्न तथा शङ्काहरू नोट गर्नुहुन्छ अनि अर्को दिन उत्तर दिएर त्यसको समाधान गर्नुहुन्छ।

(3) तपाईं उनीहरूलाई किताब पढ्न लाउनुहुन्छ तथा उनीहरूको शङ्काको निवारण गर्न चर्चा गर्नुहुन्छ अनि पछिबाट प्रश्नहरूको उत्तर दिनुहुन्छ।

(4) तपाईं यस्ता विद्यार्थीहरूलाई अनुशासन पालन गरिरहनका लागि हकार्नुहुन्छ।

**97.** घोकेर कण्ठस्थ गर्ने बानीले विद्यार्थीहरूको कस्तो क्षति हुन्छ?

Prepp
Your Personal Exams Guide

(1) उनीहरूको बुद्धिको विकास हुँदैन।

(2) उनीहरूमा आत्मविश्वास हराउँछ।

(3) उनीहरू कक्षा शिक्षणबाट विच्छेदित हुन्छन्।

(4) उनीहरू सही ढङ्गले मनन गर्न सक्तैनन्।

**98.** भाषा-शिक्षणमा आगमनात्मक पद्धतिको एउटा लाभ हो—

(1) विद्यार्थीहरूले गृहकार्य गर्नु पर्दैन

(2) विद्यार्थीहरूमा घोकेर कण्ठस्थ गर्ने बानीको विकास हुँदैन

(3) कक्षामा अनुशासन कायम रहन्छ

(4) विद्यार्थीहरूले छोटो अवधिमा धेरै सिक्न सक्छन्

**99.** भाषा कुन कुराद्वारा अभिव्यक्ति र मत व्यक्त गर्ने सर्वश्रेष्ठ माध्यम हो?

(1) प्रचार

(2) सङ्ग्रह

(3) विनिमय

(4) माथिका सबै

**100.** एकजना भारतीय नानीले सिक्नु आवश्यक छ—

www.prepp.in

(1) मातृभाषा

(2) मातृभाषा र क्षेत्रीय भाषा

(3) मातृभाषा र अङ्ग्रेजी

(4) कुनै तीनवटा भाषाहरू

**101.** एउटा समावेशी कक्षामा भाषा-शिक्षणको एउटा चुनौती हो—

(1) उपयुक्त भाषा सिक्ने परिवेशको विकासमा असक्षमता

(2) उपयुक्त सिक्ने सामग्रीको अभाव

(3) विद्यार्थीहरूको योग्यतामा विषमता

(4) विद्यार्थीहरूको रुचिमा असमानता

**102.** निम्नलिखितमध्ये कुनचाहिँ मातृभाषा शिक्षणको ज्ञानको उद्देश्य होइन?

(1) भाषागत तत्त्वहरूको पर्याप्त ज्ञानार्जन

(2) विषय-वस्तुको ज्ञानार्जन

(3) उच्चारणको ज्ञानार्जन

(4) भाषामा विभिन्न प्रकारका लेखनको ज्ञानार्जन

**103.** निम्नलिखितमध्ये कुनचाहिँ एउटा शिक्षण पद्धति होइन?

Prepp
Your Personal Exams Guide

(1) चयन पद्धति (Selection method)

(2) रुचि पद्धति (Interest method)

(3) प्रेरणा पद्धति (Motivation method)

(4) माथिका सबै

**104.** भाषा-शिक्षणमा श्रव्य-दृश्य सामग्री के-का लागि उपयोगी हुन्छ?

(1) शुद्ध उच्चारण

(2) शुद्ध लेखन

(3) शुद्ध पठन

(4) माथिका कुनै होइनन्

**105.** निदानात्मक पद्धति त्यो हो जसले—

(1) समस्याहरू खुट्ट्याउने कठिनाइको स्तर बढाउँछ

(2) समस्याहरूको समाधानमा सफल बनाउँछ

(3) व्यतिक्रमित (Jumbled) ढङ्गमा समस्याहरू प्रस्तुत गर्छ

(4) समस्याहरूबारे भाषा सिद्धान्तको ज्ञान प्रदान गर्छ

*निर्देश* : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं० **106–114**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

www.prepp.in

चलचित्र निर्माणमा अनेक प्रतिभाहरू आफूमा भएको समग्र प्रतिभा खर्च गरेर जुटिरहेका छन्। निर्देशक, छायाँकार, रेकर्डिस्ट, अभिनेता, कला तथा सङ्गीत निर्देशक, संवाद-लेखक, सबैको केन्द्रमा निर्देशक रहन्छ। आफूले निर्देशन गर्ने चलचित्रको कथा, संवाद, दृश्य, प्रकाश, गीत, सङ्गीत लगायतका समग्र पक्षका विभागहरूको अनेक श्रेणी पार गरेर चलचित्र निर्माणको तहमा पुगेको पनि निर्देशकले तत्काल देख्दछ। आफ्नो कल्पनाशीलताका आधारमा समग्र परिणति एकत्रित भएर पर्दामा आउने प्रभावको परिकल्पना निर्देशकले पहिले नै गरिसकेको हुन्छ। चलचित्र पर्दा तयारी हुनु पूर्व केही पनि हुँदैन। पर्दामा जे देखिन्छ र जे सुनिन्छ त्यो सबै कृत्रिम हो। पर्दामा देखिने जुनसुकै दृश्य, ध्वनि र घटना पनि निर्माण र चित्राङ्कन तथा ध्वन्याङ्कनका आधारमा जोरजाम गरिएको हुन्छ। कथामा निर्दिष्ट ध्वनि र दृश्य-अनुसार निर्माण संयोजन गरिन्छ। कुनै दृश्यलाई विशेष रूप दिनु परेमा निर्देशकले रङ्ग योजना, प्रकाश व्यवस्था, शृङ्गार सज्जा, अभिनय कला, संवादको प्रभावकारी उच्चारणका निम्ति प्रभावकारी निर्देशन दिन पनि क्रियाशीलता देखाउनुपर्छ। यस उपयोगिताका निम्ति निर्देशकमा केही हदसम्म सबै प्रविधिको ज्ञान आवश्यक हुन्छ; अनि समाज, संस्कृति, देश, काल, परिस्थिति, धर्म, रीतिरिवाज लगायतका विभिन्न सामाजिक विधि व्यवहार, व्यक्तिगत आचरण, रहन-सहन आदिको पनि ज्ञान आवश्यक पर्दछ र अझ दर्शकको भावना र चरित्र समेतका संवेदनाको समीकरण हुन सक्ने ज्ञानको आवश्यक हुन्छ। निर्देशक र अन्य सहयोगीहरूका बिचमा हुने प्रमुख भिन्नता पनि के हो भने निर्देशकले चलचित्र अथवा धारावाहिकलाई समग्र परिप्रेक्ष्यमा आलोकित गर्दछ। अन्य सहयोगीहरू आ-आफ्नै मात्र कार्यमा सीमित बनेर चलचित्रको आकलन गर्दछन्। निर्देशकमा रहने क्षमताको तुलनामा अरूको क्षमता कमजोर पनि हुन्छ। यसकारण चलचित्रको सफलता र विफलता पनि निर्देशककै थाप्लामा रहन्छ, अनि सफलता मात्रको श्रेय भने अरू सबैको भागमा रहन्छ। निर्देशकका निम्ति चलचित्रको बजार, वितरण, प्रदर्शन आदिका विषयमा थोरै मात्र सम्बन्ध रहन्छ, अधिक सम्बन्ध चाहिँ चलचित्रको कल्पना, योजना आदिका कार्यमा व्यापक रहन्छ।

**106.** चलचित्रको निर्देशक को हो?

(1) जसले चलचित्र बनाउने काममा सबै पक्षको खर्च लगानी गर्छ

(2) जसमा चलचित्र निर्माणसम्बन्धी सबै विषयको बराबर ज्ञान हुन्छ

(3) जसले चलचित्र निर्माणका सबै पक्षमा विचार पुऱ्याउँदै चलचित्रको अन्तिम रूपसम्म आफ्नो कल्पना र ज्ञानको प्रयोग गर्छ

(4) जसले कल्पनामा एउटा चित्र राखेको हुन्छ र त्यसका लागि आर्थिक सहयोग तथा लगानी जुटाउँछ

**107.** प्रकाश, ध्वनि, दृश्य-चित्र, गीत, सङ्गीत इत्यादि धेरै कलाको समावेश चलचित्रमा हुने हुँदा तलको कुन कुराले यसलाई बुझाउँछ?

(1) बहुकला समाविष्ट कला

(2) व्यावसायिक चलचित्र

(3) बहुमुखी प्रतिभासम्पन्न

(4) बहुचित्र कथा

**108.** निर्देशक र अरू चलचित्रकर्मीका माझमा के फरक छ?

(1) निर्देशकको प्राप्ति रकम धेर हुन्छ, अरूको थोरै

(2) निर्देशकले सबै पक्षमा ध्यान पुऱ्याउँछ, अरूले आ-आफ्नो क्षेत्रमा

(3) निर्देशकले चलचित्रबारे अध्ययन गरेको हुन्छ, अरूले गरेका हुँदैनन्

(4) निर्देशक पर्दामा देखिँदैन, अरू सबै देखिन्छन्

www.prepp.in

Prepp
Your Personal Exams Guide

**109.** तलका मध्ये कुन कथन सही हो?

(1) निर्देशकले चलचित्रको बजार-वितरण र प्रदर्शनमा विशेष ध्यान पुऱ्याउनु पर्छ।

(2) निर्देशकमा सबै प्राविधिक ज्ञान हुनु आवश्यक छ।

(3) चलचित्रको योजना अनि कल्पनामा निर्देशक अधिक सम्बन्धित हुनुपर्छ।

(4) चलचित्र निर्माणको परियोजनामा निर्देशक नायकका नजिकको मान्छे हो।

**110.** अनुच्छेद-अनुसार चलचित्रको असफलतामा कसलाई जिम्मावार ठानिन्छ?

(1) नायक र नायिकालाई

(2) प्राविधिक कलाकर्मीलाई

(3) व्यवस्थापन-युनिटलाई

(4) निर्देशकलाई

**111.** पर्दामा देखाइने कथानक चलचित्र कुन माध्यमद्वारा प्रस्तुत हुन्छ?

(1) दृश्य र ध्वनि

(2) घटना, पात्र र कथायोजना

(3) सङ्गीत र पार्श्वध्वनि

(4) गीत, सङ्गीत र रेकर्डिङ

**112.** निर्देशकका लागि तलको कुन [illegible] विशेष ज्ञान हो?

(1) चलचित्र-कानुन जान्नु

(2) दर्शकको भावना बुझ्नु

(3) सङ्गीत-कला जान्नु

(4) नायकको संवेदना बुझ्नु

**113.** 'सफलता' र 'विफलता' दुईवटा कस्ता शब्द हुन्?

(1) विलोम शब्द

(2) पर्यायवाची शब्द

(3) समध्वनिमूलक शब्द

(4) अनेकार्थी शब्द

**114.** 'चित्राङ्कन' र 'ध्वन्याङ्कन' दुई शब्दहरूको निर्माणमा कुन प्रक्रिया प्रभावकारी छ?

(1) तत्पुरुष समास

(2) स्वर सन्धि

(3) व्यञ्जन सन्धि

(4) द्विगु समास

www.prepp.in

*निर्देश* : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न सं. **115-120**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

अप्रेल महिना चौबीस तारिख उन्चास सालैमा
निक्लेथ्यौं साँझ अझै छ याद छ बजे कालैमा।
कि राम्रो हुन्छ बिहानको हावा कि राम्रो बेलुका
सुन्दर वनको शोभा त्यो हेर्दा, गहौँ मन हलुका।
नामनांग डाँडा घुम्न र गयौँ चार भाइ मिलेर
यो गीत लेख्न बसेँ म सुन, पक्षी गीत सुनेर।
भुसुक खोला नभुल्नु होला डाँडा यो छाडेर
त्यो दिन बेला न भै अबेला रमिता गरेर।
रङ्गिन चरा उडेका देख्यौं जङ्गली रूखैमा
जतिको हेऱ्यो छक्क भै बस्यौं वनश्री सुखैमा।

**115.** यस काव्यिक अभिव्यक्तिलाई कुन किसिमको रचना मान्न सकिन्छ?

(1) नीतिपरक

(2) संस्मरणात्मक

(3) पुराकथात्मक

(4) सन्देशमूलक

**116.** लोक लयमा रचिएको यो कविता कुन छन्दमा छ?

(1) सेलो

(2) सवाई

(3) दोहा

(4) झ्याउरे

**117.** यस कविताको रचना कहिले भएको भन्ने बुझिन्छ?

(1) झन्नै सत्तरी वर्षअघि

(2) झन्नै छब्बीस वर्षअघि

(3) झन्नै एकाउन्न वर्षअघि

(4) झन्नै बयासट्ठी वर्षअघि

**118.** कविताको भाव विचार्दा यहाँ कुन कुरालाई आनन्द मानेको आभास पाइन्छ?

(1) गीत कथ्नु र गाउनु

(2) साथीको समीपता

(3) प्रकृतिको समीपता

(4) रमिता भएको क्षण

**119.** कविताको दोस्रो पङ्क्तिमा आएको 'कालैमा' पदले के बुझाएको छ?

(1) समयमा

(2) पुकारमा

(3) कालगतिमा

(4) अन्धकारमा

**120.** यस कवितामा कुन-कुन कुराको नामोल्लेख भएको छ?

(1) गाउँ र सहर

(2) सहर र खोला

(3) डाँडा र गाउँ

(4) डाँडा र खोला

Prepp
Your Personal Exams Guide

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part–V (प्रश्न सं० 121–150)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

Candidates should attempt the questions from **Part–V (Q. Nos. 121–150)**, if they have opted **NEPALI** as **Language–II** only.

# Part—V / भाग—V

## Language—II / भाषा—II

## Nepali / नेपाली

परीक्षार्थीहरूले **भाषा—II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part—V** (प्रश्न सं० **121–150**) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

***निर्देश*** : उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरूको (प्रश्न सं० **121–135**) उत्तर दिनुहोस्।

**121.** एउटा समावेशी कक्षामा नानीहरू धेरजसो गल्ती कुन कुरामा गर्छन्?

(1) पढाइ

(2) लेखाइ

(3) बोलाइ

(4) माथिका सबै

**122.** "व्याकरण व्यावहारिक अनि सैद्धान्तिक दुवै हो।" यस भनाइसित तपाईं सहमत हुनुहुन्छ?

(1) पूर्ण रूपले सहमत

(2) आंशिक रूपले सहमत

(3) असहमत

(4) सहमत हुन पनि सक्नुहुन्छ, नहुन पनि सक्नुहुन्छ

**123.** उच्च प्राथमिक वा माध्यमिक स्तरमा विद्यार्थीहरूमा भाषाप्रति रुचि जगाउन के आवश्यक हुन्छ?

(1) विद्यार्थीहरूलाई किताबहरू पढ्न लाउनुपर्छ।

(2) मौखिक रूपले विद्यार्थीहरूलाई धेरभन्दा धेर सम्झाई बुझाई गर्नुपर्छ।

(3) विद्यार्थीहरूलाई धेरै श्रुतिलेखन गराउनुपर्छ।

(4) विद्यार्थीहरूको व्याकरण ज्ञान बढाउनुपर्छ।

**124.** मौखिक प्रस्तुतिका लागि निम्नलिखितमध्ये कुनचाहिँ पद्धति उपयुक्त छैन?

(1) स्वर-प्रस्तुति (Voice presentation)

(2) कविता पाठ (Poetry recitation)

(3) सम्मुख प्रस्तुतीकरण (Face-to-face presentation)

(4) सङ्केत भाषाको माध्यमले प्रस्तुति (Presentation through sign language)

www.prepp.in

**125.** "मानिसको संज्ञानात्मक विकास (Cognitive development) मा मातृभाषा त्यति नै महत्त्वपूर्ण हुन्छ जति आमाको दुध हुन्छ।" यो कसको भनाइ हो?

(1) राजर्षि टन्डन

(2) रोयबर्न

(3) महात्मा गान्धी

(4) विवेकानन्द

**126.** जब विद्यार्थीहरूलाई यस्तो भाषाका माध्यमले पढाइन्छ, जसमा उनीहरूको राम्रो ज्ञान हुँदैन, तब—

(1) समुचित ध्यान दिनु सम्भव हुँदैन

(2) विद्यार्थीहरूमा घोकेर कण्ठस्थ गर्ने वा कनीकुथी याद गर्ने बानी बस्छ

(3) विद्यार्थीहरू पढ्ने रुचि गुमाउँछन्

(4) माथिका सबै

**127.** भाषा-शिक्षणमा भाषाको आभ्यान्तिकरण (internalization) को सर्वाधिक महत्त्वपूर्ण पक्ष हो—

(1) सुन्नु अनि पढ्नु

(2) केवल सुन्नु

(3) केवल पढ्नु

(4) केवल लेख्नु

**128.** भाषा-शिक्षणमा पठन सामग्रीको स[illegible] चुनौती हो—

(1) थोरै समयमा धेरै जानकारी उपलब्ध गराउनु

(2) पठन सामग्रीका कठिन ठाउँहरूको उपयुक्त व्याख्या

(3) पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण

(4) शिक्षणमा शिक्षकहरूको थोरै श्रम

**129.** "मेधावी विद्यार्थीहरूमा उच्चारण र शब्दज्ञान बढी हुन्छ।" यो कसको भनाइ हो?

(1) टर्मन

(2) फिसर

(3) थाम्बा

(4) माथिका सबै

**130.** शब्दको अर्थ स्पष्ट पार्नुभन्दा उत्तम विधि हो—

(1) शब्दहरूको व्याख्या गर्नु

(2) शब्दकोश हेरेर भन्नु

(3) वाक्यमा शब्दहरूको प्रयोगद्वारा विद्यार्थी-हरूलाई पूर्वानुमान गर्ने अवसर दिनु

(4) भाषा-शिक्षणका माध्यम शब्दको अर्थ स्पष्ट पार्नु

www.prepp.in

**131.** निम्नलिखितमध्ये कुनले प्रकाशित पाठ्यपुस्तकको प्रयोगविना दोस्रो भाषा सिक्न सहयोग पुर्‍याउँछ?

(1) प्राकृतिक विधि (Natural approach)

(2) भाषा प्रवाह (Language immersion)

(3) व्याकरण अनुवाद पद्धति (Grammar translation method)

(4) स्थितिजन्य विधि (Situational approach)

**132.** भुल पढ्ने बानी हुनाको एउटा कारण हो—

(1) बहुभाषिकता

(2) द्विभाषिकता

(3) अत्यधिक विद्यार्थी भएको कक्षा

(4) औँलाले देखाउँदै वा औँलाका सहारामा आँखाले पछ्याउँदै पढ्नु

**133.** निम्नलिखित कुनचाहिँ अध्ययन अध्यापन कठिनाइलाई शब्दज्ञान पद्धति (पुरानो पद्धति) द्वारा सुल्झाउन सकिन्छ?

(1) वाक्य निर्माणको क्रम संयोजनमा सहायता

(2) शुद्ध उच्चारण

(3) नानीहरूले व्याख्यामा कठिनताको सामना नगरून्

(4) माथिका सबै

**134.** तलकामध्ये कुनचाहिँ कौशल-उद्देश्यहरू (Skill objectives) सित सम्बन्धित छैन?

(1) पठन

(2) लेखन

(3) श्रवण

(4) भाषामा रुचि

**135.** भाषा-विकासलाई प्रभावित गर्ने घटक हो—

(1) स्वास्थ्य

(2) बुद्धि

(3) व्यक्तिगत भिन्नता (Individual differences)

(4) माथिका सबै

**निर्देश** : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न सं. **136–143**) को उत्तर दिनुहोस्।

www.prepp.in

रिचर्ड डार्क नामक अङ्ग्रेज लेखकले एक ठाउँमा लेखेका छन्, “कसैले मलाई साहित्य किन अध्ययन गर्छौ भनेर सोधे ‘खान लाउनका निमित्त सर्वथा अनुपयोगितारूपी अमोल गुणयुक्त हुनाले म साहित्यको अध्ययन गर्दछु’ भन्ने उत्तर दिन्छु। यो निकम्मा छ तसर्थ म यसलाई रुचाउँछु।” सदैव निराहार बस्न नसकिने संसारमा यो भन्दा ‘अजीव’ उत्तर के हुन सक्छ र? दुनियाँ लागिरहेछ अर्थको खोजमा, आबालवृद्धवनिता धनसञ्चय गर्ने उपायको खोजमा अनुरक्त छ; नखाई बाँच्न नसकिने शरीरको बनावट छ; यस्तो विश्वव्यवस्था देख्दा देख्दै पनि साहित्यिक भन्छ, ‘म साहित्य रुचाउँछु, कारण यो अनुपयोगी छ।’ मानिस एउटा (कविका शब्दमा) ‘तीन तारे सारङ्गी’ हो। मानिसको जीवनमा ती तीनै तार बज्नुपर्दछ र मात्र मानिसले आफ्नो मनुजत्वको अस्तित्व स्थायी राख्न सक्दछ। ती तीन तारमध्येको कुनै तारले बज्ने अवसर पाएन भने मानिस मानिस रहँदैन, अर्कै केही हुन जान्छ। चेतना, सम्झना र इच्छा यी तीन तारले मानिसका सम्पूर्ण कार्यक्रमको तारतम्य बसाएको छ। यिनै तारलाई स्वरपूर्ण राख्न साहित्यको आवश्यकता छ। चेतनाले मानिसलाई कुनै वस्तुको उपस्थिति वा अनुपस्थिति जनाउँछ; चेतनाद्वारा प्राप्त भएको धातुले मानिसको सम्झनाको डोरो निर्णय गर्छ। सम्झनाको पछिल्लो खुड्किलो इच्छा हो। इच्छाले प्रकाश हुने द्वार हेर्छ, इच्छा प्रायः मुखबाट शब्द रूपमा वा बोलीमा प्रकाश हुन्छ। यही शब्द वा बोली साहित्य सिर्जनाको वस्तु हो। तब प्रश्न उठ्छ, “के साहित्यको अनुपयोगिता नै साहित्यको सर्वश्रेष्ठ गुण हो?”

**136.** ‘तीन तारे सारङ्गी’का तीनवटा तारमध्ये दुईवटा-चाहिँ मानिसका इच्छा र चेतना हुन् भने तेस्रो कुन हो?

(1) स्मृति

(2) इतिहास

(3) लोक

(4) विवेक

**137.** रिचर्ड डार्कले साहित्य मन पर्नाको कारण के हो भनी व्यक्त गरे?

Prepp
Your Personal Exams Guide

(1) खाने लाउने आवश्यकताको पूर्ति

(2) साहित्यको उपयोगी नहुनाको वैशिष्ट्य

(3) साहित्यमा निहित अमूल्य गुण

(4) उनी आफू निकम्मा भएकाले

**138.** अनुच्छेदमा अभिव्यक्त विचार-अनुसार तलको कुन कथन सही हो?

(1) जीवनमा साहित्यको कुनै प्रयोजन छैन।

(2) साहित्यले मानिसका आवश्यकता पूर्ति गर्छ।

(3) अनुपयोगी नै भए तापनि साहित्यको आवश्यकता छ।

(4) साहित्य र जीवन-माझ कुनै सम्बन्ध छैन।

**139.** “आबालवृद्धवनिता धनसञ्चय गर्ने उपायको खोजमा अनुरक्त छ” भन्नाले के बुझिन्छ?

(1) मानिस धनसम्पत्ति सङ्ग्रह गर्नेतिर लागेका छन्।

(2) मानिसको रुचि धनसङ्ग्रह गर्नमा छैन।

(3) धनसङ्ग्रह गर्ने उपायमा लाग्दा युवा, वृद्ध र मानिस विरक्त भएका छन्।

(4) जीवनमा धनसम्पत्ति नै सर्वोपरि हो।

**140.** “मानिस एउटा ‘तीन तारे सारङ्गी’ हो।” यो कुन किसिमको अभिव्यक्ति हो?

(1) शास्त्रीय

(2) यथार्थपरक

(3) काव्यात्मक

(4) आलोचनात्मक

www.prepp.in

**141.** कुनै वस्तुको उपस्थिति छ वा छैन भन्ने कुन कुरा-द्वारा बुझ्न सकिन्छ?

(1) चेतनाद्वारा

(2) सम्झनाको डोरोद्वारा

(3) सम्झना र इच्छाद्वारा

(4) इच्छाद्वारा

**142.** 'अनुपयोगिता' शब्दको निर्माण कसरी भएको छ?

(1) उपसर्ग लागेर

(2) प्रत्यय लागेर

(3) उपसर्ग र प्रत्यय दुईटै लागेर

(4) समास प्रक्रियाद्वारा

**143.** 'निराहार बस्न नसकिने' भनेको के हो?

(1) चुप लागेर बस्न नहुने

(2) नखाई बस्न नसकिने

(3) पढ्नु नै पर्ने

(4) आश्चर्य मानिरहनु पर्ने

***निर्देश*** : दिइएको अनुच्छेद पढेर तल [illegible] (प्रश्न सं० **144–150**) को उपयुक्त उत्तर चिन्हित गर्नुहोस्।

Prepp Your Personal Exams Guide

भाव-विस्तार वा विस्तृतीकरणको साधारण अर्थ हो—दिइएको विषयको भाव अर्थात् आन्तरिक भनाइको उल्लेख गर्नु। कुनै-कुनै वाक्यांश अथवा वाक्यमा लुकेर बसेका कुरालाई खुलस्त पारेर लेखे ती वाक्यहरूमा भाव-विस्तार हुन्छन्। तर एउटै कुरालाई घरिघरि लेखेर मात्र विस्तृतीकरण वा भाव-विस्तार हुँदैन। यसका निम्ति विस्तार गर्नुपर्ने भावको साधारण वा शाब्दिक अर्थ, भित्री अर्थ, व्याख्या औ उदाहरण दिनुपर्छ। तर यसो गर्नलाई विस्तार गर्नुपर्ने भावको अर्थ बुझेको हुनुपर्छ; कारण अर्थै नबुझी भाव-विस्तार गर्न सकिँदैन। फेरि मूल भावलाई छाडेर वरपरका कुराहरू मात्र लेख्नाले पनि भाव-विस्तार हुँदैन। भाव-विस्तार छोटो पनि हुन्छ औ लामो पनि। छात्र-छात्राहरूले परीक्षाका समयमा गर्नुपर्ने भाव-विस्तार तोकिएको समय अथवा मार्क हेरेर गरे हुन्छ। लामो वा छोटो बनाउनु पर्ने आफै निर्णय गर्नुपर्छ। दुई तीन घन्टा पुरा समय दिएर एउटै भाव-विस्तार गर्न पनि सकिन्छ औ फेरि त्यसैलाई पाँच मिनटमा पनि छोटो रूपमा भाव-विस्तार वा विस्तृतीकरण गर्न सकिन्छ।

**144.** भाव-विस्तारका लागि लेखनमा एउटा मुख्य उपकरण कुन हो?

(1) भावको पुनरावृत्ति

(2) सार-ग्रहण

(3) दृष्टान्त प्रस्तुति

(4) लामा लामा वाक्य

**145.** तलको कुन पद/पदावलीले भाव-विस्तार भन्ने कुरा बुझाउँछ?

(1) भाव-विस्तृति

(2) भाव-संवृत्ति

(3) वाक्य-प्रशाखन

(4) भाव-केन्द्रिकता

www.prepp.in

**146.** तलको कुन कथनले भाव-विस्तारसम्बन्धी उपयुक्त विचार व्यक्त गर्छ?

(1) भाव-विस्तार भनेको शब्दको अर्थ खोल्नु हो।

(2) भाव-विस्तार परीक्षार्थीका निम्ति गरिने कार्य हो।

(3) भाव-विस्तार गर्नु भनेको वाक्यको सङ्ख्या बढाउनु हो।

(4) भाव-विस्तार यति नै लामो हुनुपर्छ भन्ने निश्चित छैन।

**147.** कुन समूहमा 'आन्तरिक' शब्दका पर्यायवाची छन्?

(1) आभ्यन्तरिण, भित्री

(2) सीमान्तक, आभ्यन्तरिण

(3) गभीरतम, सीमान्तक

(4) गभीरतम, केन्द्रीय

**148.** भाव-विस्तारका लागि सबैभन्दा मुख्य कुरा कुन हो?

(1) वाक्यको संरचना बुझ्नु

(2) भावको महत्त्व बुझ्नु

(3) भावको भाषा-शैली बुझ्नु

(4) भावको अर्थ बुझ्नु

Prepp
Your Personal Exams Guide

**149.** स्कुलका विद्यार्थीहरूलाई भाव-विस्तार लेखनको अभ्यास गराउनु किन आवश्यक छ?

(1) लामा लामा वाक्यको संरचना बुझ्नका लागि

(2) समय र अनुशासन-बारे ज्ञानका लागि

(3) बोधक्षमता र लेखन क्षमता-को विकासका लागि

(4) छोटो वाक्यलाई लामो पार्ने व्याकरणिक ज्ञान र अभ्यासका लागि

Prepp
Your Personal Exam Guide

**150.** 'उल्लेख' शब्द सन्धि प्रक्रियाद्वारा निर्मित छ भने यसको विग्रह कुनचाहिँ सही हो?

(1) उः + लेख

(2) उत् + लेख

(3) उल् + लेख

(4) उस् + लेख

www.prepp.in
Prepp
Your Personal Exams Guide

www.prepp.in

SPACE FOR ROUGH WORK

Prepp
Your Personal Exams Guide

Prepp Your Personal Exam Guide

★ ★ ★

*तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस् :*

www.prepp.in

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे परीक्षा पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस्।

2. OMR को पृष्ठ-2 मा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई कालो/नीलो बॉलपोइन्ट पेनले कालो पार्नुहोस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई बद्लाउन पाइने छैन।

3. परीक्षार्थीहरूले उत्तर पत्रिका दोबार्न वा भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार नगर्ने। निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने।

4. परीक्षा पुस्तिका र उत्तर पत्रिकालाई ध्यानपूर्वक प्रयोग गर्नुहोस्। कुनै परिस्थितिमा (केवलमात्र परीक्षा पुस्तिका र उत्तर पत्रिकाको सङ्केत या सङ्ख्यामा भिन्नताको स्थिति छोडेर) अर्को परीक्षा पुस्तिका दिइने छैन।

5. परीक्षार्थीले परीक्षा पुस्तिका/उत्तर पत्रिकामा दिइएको परीक्षा पुस्तिका सङ्केत र सङ्ख्या उपस्थिति-पत्रमा सही ढङ्गले लेख्नुपर्ने छ।

6. OMR उत्तर पत्रिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश-पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा प्रवेश-पत्र बाहेक कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्यवाही गरिने छ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश-पत्र देखाउनुपर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले उत्तर पत्रिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि, उपस्थिति-पत्रमा पुनः हस्ताक्षर गर्नुपर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ। कुनै तरिकाले नियम उल्लङ्घन भएमा बोर्डको नियम-अनुसार दण्डको व्यवस्था गरिने छ।

14. परीक्षा पुस्तिका अनि उत्तर पत्रिका-को कुनै खण्ड च्यात्न वा छुट्याउन पाइने छैन।

15. परीक्षाको समाप्तिपछि परीक्षार्थीले आफ्नो उत्तर पत्रिका परीक्षकलाई बुझाउनुपर्ने छ तब-मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले यो परीक्षा पुस्तिका साथमा लैजान पाउने छन्।

www.prepp.in

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर-पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉलपॉइंट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर-पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं उत्तर-पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर-पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/उत्तर-पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाजिरी-पत्र में लिखें।
6. OMR उत्तर-पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना उत्तर-पत्र दिए बिना एवं हाजिरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार हाजिरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर-पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अँगूठे का निशान हाजिरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर-पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व उत्तर-पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ballpoint Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the Examination Hall/Room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the Examination Halls/Rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall/Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***